# छत्रेश्वरी गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ९ | संख्या ४ | मितिः२०८२/११/१३


## भाग-१

## छत्रेश्वरी गाउँपालिका

**प्रमाणिकरण मितिः २०८२/१०/१३**

**<u>प्रस्तावनाः</u>** स्थानीयस्तरमा कृषि तथा पशुपन्छी व्यवसाय मार्फत कृषक, कृषि व्यवसायी र उपभोक्ताको हकहित प्रवर्द्धन गर्न, कृषि योग्य जमिनको उपयोग गर्दै खाद्य सुरक्षाको सुनिश्चितता तथा कृषकको जिवनस्तर माथी उकास्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गरी व्यवसायिक रुपमा कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम छत्रेश्वरी गाँउसभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "छत्रेश्वरी कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) “उत्पादक” भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) “एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) “कार्यपालिका” भन्नाले छत्रेश्वरी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कार्यालय" भन्नाले गाँउपालिकाको कार्यालय सम्झनुपर्छ।

(च) "कृषक" भन्नाले कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादन गर्ने जोसुकै व्यक्ति, समूह, फर्म वा कम्पनी, सहकारी र संघ वा संस्था सम्झनु पर्छ र सो शब्दले आफ्नै जग्गा वा कृषि पूर्वाधारमा वा कसैको जग्गा

वा कृषि पूर्वाधार करार वा कबुलियत (लिज) मा लिई व्यावसायिक कृषिजन्य वा पशुपन्छीजन्य वस्तु उत्पादन गर्ने व्यक्ति, फर्म वा कम्पनी र संघ वा संस्था समेतलाई जनाउँछ।

(छ) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची-१ बमोजिमका बाली तथा पशुपन्छी उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(ज) "कृषि व्यवसाय" भन्नाले अनुसूची -२ बमोजिमको व्यवसाय सम्झनुपर्छ।

(झ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले छत्रेश्वरी गाउँपालिका सम्झनु पर्छ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(ड) "प्रमुख" भन्नाले छत्रेश्वरी गाउँपालिका अध्यक्ष सम्झनु पर्छ ।

(ढ) "प्रशासकीय अधिकृत" भन्नाले छत्रेश्वरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ण) "प्रदेश कृषि ऐन" भन्नाले कर्णाली प्रदेश सरकारबाट जारी भएको कर्णाली कृषि व्यवसाय प्रवर्द्धद ऐन २०७९ लाइ सम्झनु पर्छ।

(त) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(द) "व्यवसायिक कृषि करार" भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबद्र्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(ध) "वडा" भन्नाले छत्रेश्वरी गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(न) ''समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ऩ) "सभा" भन्नाले छत्रेश्वरी गाउँसभालाई सम्झनुपर्छ ।

(प) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(फ) "हाट–बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ।

परिच्छेद-२

## <u>कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था</u>

३. **<u>निर्देशक समितिको गठनः</u>** (१) कृषि क्षेत्रको समग्र विकास प्रवर्द्धन तथा व्यवस्थापन गर्न छत्रेश्वरी गाँउपालिका स्तरमा देहाय बमोजिमका पदाधिकारी हुने गरी एक स्थानीय कृषि व्यवसाय निर्देशक समिति रहनेछ।

(क) अध्यक्ष, गाँउपालिका – अध्यक्ष

(ख) उपाध्यक्ष, गाँउपालिका – सदस्य

(ग) प्रमुख वा अधिकृतस्तर प्रतिनिधी, सल्यान स्थीत जिल्लाको कृषि/पशुपन्छी हेर्ने कार्यालय १/१ जना – सदस्य

(घ) प्रमुख, कृषि विकास शाखा, गाँउपालिका – सदस्य

(ङ) प्रमुख, पशुपन्छी विकास शाखा, गाँउपालिका – सदस्य

(च) प्रमुख, आर्थिका प्रशासन शाखा, गाँउपालिका – सदस्य

(छ) कृषि तथा पशुपन्छी व्यवसायको क्षेत्रमा कार्य गरिरहेका व्यावसायक कृषक एवम् व्यवसायी महिला वा दलित वा दलित वा जनजाति मध्येबाट पालिकाले मनोनित गरेका कम्तिमा एक जना मिहिला सहित दुई जना – सदस्य

(ज) प्रमुख, योजना/आर्थिक विकास शाखा, गाँउपालिका – सदस्य

(झ) प्रशासकिय अधिकृत, गाँउपालिका – सदस्य-सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(५) उपदफा (१) को खण्ड (छ) बमोजिम मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ साथै बैठकमा उपस्थिती हुँदाको बैठक भत्ता र प्रचलित दरको यातायात खर्च मात्र पालिकाले उपलब्ध गराउन सक्नेछ।

(६) मनोनित कुनै सदस्यले आफ्नो पद बमोजिमको जिम्मेवारी पूरा नगरेमा पालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्यको पदबाट हटाउनु अधि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(७) समितिको सचिवालय गाँउपालिकाको कार्यालयमा रहनेछ।

४. **समितिको काम कर्तव्य र अधिकारः** (१) यस ऐनको उद्देश्य पुरा गर्न समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीयस्तरमा कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन एवम् विकासका लागि आवश्यक नीति तथा योजना तर्जुमा गर्न पालिकालाई सुझाव दिने,

(ख) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन एवम् विकासका लागि संघीय, प्रदेशस्तरीय र स्थानीय तहका सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रका संघ संस्था सँग समन्वय गर्ने,

(ग) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन एवम् विकासका सम्बन्धमा आवश्यक पर्ने सिप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रर्वर्द्धनात्मक कार्यहरु गर्ने,

(घ) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन एवम् विकासका लागि सरोकारवालाहरुलाई आवश्यक कार्यहरु गर्न सहयोग र सहजिकरण गर्ने,

(ङ) कृषि तथा पशुपन्छी विकासको लागि प्रदान गरिने सेवा सुविधा, सहुलियत वा अनुदानको सम्बन्धमा अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी कार्यपालिकालाई सुझाव सहित सिफारिस गर्ने,

(च) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्न आवश्यकता अनुसार विज्ञ सहितको अध्ययन अनुसन्धान गराई दफा ६ बमोजिमको विशेष उत्पादन क्षेत्र निर्धारणको लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(छ) कृषि बजार सञ्चालन बापत लाग्ने शुल्क, समग्र कृषि क्षेत्रमा संकलन गर्न सकिने गैर कर राजस्व वा सेवा शुल्क निर्धारण गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने।

(ज) तोकिएका बमोजिमको अन्य कार्य गर्ने।

५. **व्यवसायको दर्ता तथा नवीकरणः** (१) देहायको व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ती वा व्यवसायिले त्यस्तो व्यवसाय सम्बन्धित निकायमा दर्ता गरी पालिकामा सूचिकृत हुनुपर्नेछः-

(क) वधशाला सञ्चालन,

(ख) मासु प्रशोधन तथा बिक्री,

(ग) फलफूल तथा तरकारी नर्सरी,

(घ) बीउ बिजन प्रशोधन तथा बिक्री,

(ङ) विषादी तथा मलको खरिद बिक्री,

(च) कषि र पशुपन्छी स्रोत केन्द्र सञ्चालन तथा पशुपन्छीको नश्ल खरिद बिक्री,

(छ) दुधजन्य प्रशोधन तथा बिक्री,

(ज) तोकिए बमोजिमका अन्य व्यवसायहरु।

(२) उपदफा (१) बमोजिमको व्यवसाय सञ्चालनको लागि ईजाजत लिने सम्बन्धी व्यवस्था प्रदेश कृषि ऐन बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम व्यवसाय सूचिकृत गर्दा जिल्लाको सम्बन्धित विषयगत कार्यालयमा प्रदेश कृषि ऐन बमोजिम सूचिकृत भएको भए अनुसूची - ३ बमोजिमको विवरण सहित निशुल्क रुपमा यस पालिकामा सूचिकृत हुनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम सूचिकृत नभएको व्यवसाय पालिकामा सूचिकृत गर्दा अनुसूची-३ बमोजिमको विवरण सहित एक सय रुपैयाँ दस्तुर लिई सूचिकृत गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम व्यवसाय सूचिकृतको लागि पालिकाले हरेक आर्थिक वर्षको साउन महिनाको मसान्त सम्म स्थानीय पत्रिकामा प्रकाशन गर्नुपर्नेछ र त्यस्तो सूचना कार्यालयको वेवसाइट र सबै वडा कार्यालयको सूचनापार्टीमा समेत राख्नु पर्नेछ।

(६) पालिकाको स्वीकृत वार्षिक कार्यक्रममा उपदफा (१) बमोजिमका व्यवसाय सञ्चालन एवम् सहयोगको लागि व्यवसायीहरु सुचिकृत भएको हुनुपर्नेछ।

(७) उपदफा (१) बमोजिम वाहेकका अन्य उत्पादनका कार्यहरुमा आम कृषकहरुलाइ सहयोग एवम् सहजीकरण गर्न कुनै वाधा पर्ने छैन।

(८) पालिकाले किसान सूचिकरण कार्य पश्चात संघिय सरकारलाइ किसान वर्गीकरणमा सहयोग तथा समन्वय गरी सो अनुसार कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ।

६. **विशेष उत्पादन क्षेत्र निर्धारणः** (१) भौगोलिक एवं भू-धरातलीय स्वरुप, जनसंख्याको वितरण हावापानी, प्राविधिक अवस्था र आर्थिक सम्भावनाका आधारमा गाँउपालिकाले संघीय तथा प्रदेश सरकारको नीति, कानुन तथा कार्यक्रमसँग सामन्जस्यता हुने गरी कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनको लागि कृषि वा पशुपन्छीका विशेष उत्पादन क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण दफा ३ बमोजिमको समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस गर्दा विज्ञ मार्फत अध्ययन गराइ वा देहाय बमोजिमको प्राथमिकताक्रमको आधारमा गर्नु पर्नेछः -

(क) भूगोल तथा हावापानीको हिसाबले प्राविधिक सम्भाव्यता भएको,

(ख) धेरै कृषक आवद्ध भएको वा हुन सक्ने क्षेत्र,

(ग) प्रचुर व्यावसायिक सम्भाव्यता भएको,

(घ) कृषकको आय आर्जनमा टेवा पुग्न सक्ने क्षेत्र,

(ङ) उच्च मूल्यका कृषि उपज उत्पादन हुने क्षेत्र,

(च) स्थानीय वा रैथाने कृषि उपज उत्पादन क्षेत्र,

(छ) बजार, माग र आपूर्तिको आधार।

(४) दफा ३ बमोजिमको समितिले गरेको सिफारिसको आधारमा कार्यपालिका समक्ष विशेष कृषि उत्पादन क्षेत्र तोक्न पेश गर्नु पर्नेछ र गाँउपालिकाको आवश्यकता र औचित्यता हेरी विशेष कृषि उत्पादन क्षेत्र तोक्न सक्नेछ।

(५) उपदफा (१) बमोजिम निर्धारण भएको क्षेत्रमा कृषक तथा उत्पादकलाई गाँउपालिकाले निश्चित अवधि तोकेर बढीमा पाँच वर्षसम्म देहायका प्रवर्द्धनका विशेष कार्यक्रम सञ्चालन गर्नुपर्नेछः-

(क) कृषि उत्पादनको लागि आवश्यक उत्पादन सामाग्री (बीउबिजन, मेसिनरी औजार, बाली संरक्षणका साधन तथा पशुपन्छी सम्बन्धी आधारभूत औषधी आदी) अनुदान सहयोग,

(ख) कृषि पूर्वाधार (सिंचाई, संकलन केन्द्र, कोल्डस्टोर, बजार स्थल, तथा साना कृषि प्रशोधन केन्द्र आदी) निर्माण तथा मर्मत सम्भार,

(ग) कृषक तथा व्यवसायी र कृषि प्राविधिकको क्षमता विकास तालिम।

(६) तर यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनी प्रदेश कृषि ऐन बमोजिम विशेष उत्पादन क्षेत्र निर्धारण भएको अवस्थामा सोही क्षेत्रमा उपदफा (५) बमोजिमका कृषि व्यवसाय प्रवर्द्धनका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(७) प्रदेश कृषि ऐन बमोजिम विशेष उत्पादन क्षेत्र निर्धारणको लागि राय सुझाव तथा सिफारिस माग गरेमा गाँउपालिकाले दफा ३ बमोजिमको समितिको सुझावको आधारमा मात्र गर्नुपर्नेछ।

७. **कृषि भूमिको चक्लाबन्दीमा सुविधा**ः (१) कृषि व्यवसाय सञ्चालन गर्न कुनै व्यक्ति, सममुह वा संस्थाले सामुहिक उत्पादन वा व्यवसायिक कृषि करार गरी लिएको कृषि क्षेत्रभित्रको जग्गालाई सोही करारमा उल्लेख भए बमोजिम चक्लाबन्दी गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम चक्लाबन्दी गरिएको जग्गामा कृषि व्यवसायसँग सम्बन्धित कार्य बाहेक अन्य कार्यमा प्रयोग गर्न पाईने छैन्।

(३) उपदफा (१) बमोजिम कार्यालयले कृषि भूमिको चक्लाबन्दी गर्दा देहाय बमोजिमको कार्यमा सुविधा उपलब्ध गराउन सक्नेछः-

(क) चक्लाबन्दीको डिजाइन, कित्ता एकीकरण, समथल बनाउन र ब्लक निर्माण कार्यको खर्च,

(ख) चक्लाबन्दी गरिएको जग्गामा सिँचाइ संरचना निर्माण, घेराबार, आवश्यक कृषि औजार उपकरण तथा भौतिक पूर्वाधार निर्माणको लागत खर्च,

(ग) आवश्यक मल, बीउ, बेर्ना, विषादी लगायतको उत्पादन सामग्रीको लागत।

(४) उपदफा (३) बमोजिमको सुविधा प्राप्त गर्न कम्तीमा चालिस रोपनी जग्गामा चक्लाबन्दी गरी कृषि व्यवसाय गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको कार्यमा कूल लागतको पचास प्रतिशत सुविधा तीन वर्षसम्म उपलब्ध गराउन सकिनेछ।

(६) उपदफा (३) बमोजिमको सुविधा प्राप्त गरेका कृषि व्यवसायीले चक्लाबन्दी गरिएको जग्गामा कम्तीमा दश वर्ष कृषि व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद-३

## कृषि बजार तथा बजारिकरण सम्बन्धी व्यवस्था

८. **कृषि बजारको स्थापनाः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी समूह वा कृषि सहकारी वा निजी कम्पनी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले दफा १० बमोजिमको समितिको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(३) स्थानीय कृषि बजार स्थापना र सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) थोक बजार कारोबार स्थल, खुद्रा बजार कारोबार स्थल, कृषक बजार स्थल, माछा बजार कारोबार स्थल, मासु बजार कारोबार स्थल, फलफूल कारोबार स्थल र होल्डिङ/अक्शन यार्डको व्यवस्था भएको,

(ख) दुग्धजन्य पदार्थ, चमेना गृह, भोजनालय, गोदाम, सार्वजनिक सौंचालय, बजार सूचना सेवा, बजार सुरक्षा, फोहोरमैला संकलन तथा व्यवस्थापन, नापतौल तथा गुणस्तर परीक्षण, र बजार प्रयोगकर्ताको लागि पार्किङ सुविधा,

(ग) आवश्यकता अनुसार विषादी अवशेष द्रुत विश्लेषण र परिक्षणको व्यवस्था,

(घ) कम्पाउण्ड वाल तारबार, कार्यालय कोठा तथा सेड, कोल्ड च्याम्बर वा अन्य चिस्यान घर र कम्पोष्ट पिटको व्यवस्था।

(४) गाँउपालिकामा कृषि बजार र निजी क्षेत्रबाट स्थापना हुने कृषि बजारको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ।

९. **कृषि बजारको वर्गीकरणः** (१) यस ऐनको दफा ८ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछः–

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट–बजार,

(घ) संकलन केन्द्र,

(ङ) कृषि सुपर मार्केट ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क गाँउसभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०. **कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) यस ऐनको दफा ८ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) उपाध्यक्ष, गाँउपालिका - संयोजक

(ख) सम्बन्धित वडाको अध्यक्ष, गाँउपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, गाँउपालिका - सदस्य

(घ) पशुपन्छी विकास शाखा प्रमुख, गाँउपालिका - सदस्य

(ङ) गाँउपालिकाले मनोनित गरेको कृषक प्रतिनिधि एक जना महिला - सदस्य

(च) उद्योग बाणिज्य संघको प्रतिनिधि, गाँउपालिका - सदस्य

(छ) कृषि विकास शाखा प्रमुख, गाँउपालिका - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ साथै बैठकमा उपस्थिती हुँदाको बैठक भत्ता र प्रचलित दर रेटको यातायात खर्च मात्र पालिकाले उपलब्ध गराउन सक्नेछ।

(५) मनोनित कुनै सदस्यले आफ्नो पद बमोजिमको जिम्मेवारी पूरा नगरेमा पालिकाले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्यको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) समितिको सचिवालय गाँउपालिकाको कृषि विकास शाखामा रहनेछ।

११. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कृषि बजारलाई प्रतिस्पर्धात्मक रुपबाट सञ्चालन गर्ने व्यवस्था मिलाउने,

(ख) कृष बजारको ब्यवस्थापनको लागि आवश्यक नीति निर्माण तथा सो अनुसार कार्यन्वयन गर्ने गराउने,

(ग) नियमित रुपमा बजार सूचना आदान प्रदान गर्न सहयोग पुर्याउने,

(घ) कृषि बजार प्रयोग गरे वापत लाग्ने सेवा शुल्क निर्धारण गर्न पालिकालाई सुझाव तथा सिफारिस गर्ने,

(ङ) कृषि बजार सञ्चालनमा देखा परेका समस्याहरु समाधानको लागि सहजीकरण गर्ने,

(च) कृषि बजार स्थलको नियमित मर्मत सम्भार गर्ने गराउने,

(छ) स्थानीय उत्पादनको प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,

(ज) कृषि बजार सञ्चालन तथा व्यवस्थापनको प्रगति प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र गाँउपालिकामा पेश गर्ने,

(झ) बजार स्थापना र सञ्चालनको अनुमती दिने,

(ञ) कृषि बजार सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने।

## परिच्छेद-४

## <u>अनुदान व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

१२. **<u>लक्षित वर्ग विशेष कार्यक्रमः</u>** (१) गाँउपालिकाले सबै भन्दा बढि गरिवीको दर भएको वडा वा दलित तथा बहिष्करण परेका समुदाय तथा जाती वा आफ्नो उत्पादनले तिन महिना भन्दा कम खाना पुग्ने समुदाय वा जातीलाइ लक्षित वर्ग पहिचान गरी त्यस्ता वर्गका कृषक तथा उत्पादकलाई दफा १३ को उपदफा (१) बमोजिमका क्रियाकलाप सञ्चालन गर्न निशुल्क अनुदान उपलब्ध गराउन सक्नेछ।

१३. **<u>अनुदान सुविधाको क्षेत्रः</u>** (१) गाँउपालिकाले संघ, प्रदेश र विकास साझेदार संघ संस्थासँगको समन्वय र साझेदारीमा कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रममा दोहोरो नपर्ने गरी देहायका क्षेत्रमा अनुदान सुविधा उपलब्ध गराउन सक्नेछः-

(क) कृषि उत्पादन तथा बजारीकरणका पूर्वाधार (साना सिंचाई, कृषि उपज भण्डारणको लागि विभिन्न प्रविधिका घर, कृषि उपजको प्रशोधन केन्द्र, कृषि बजार स्थल आदी) को निर्माण तथा मर्मत सम्भार,

(ख) कृषि उत्पादनका लागि आवश्यक सामाग्री (मल, बीउबिजन, विर्य, बाली संरक्षणमा प्रयोग हुने विषादी तथा सामाग्री, मेसिनरी औजार तथा यन्त्र उपकरण, सिंचाईका उपकरण, आदी)

(ग) कृषि क्षेत्रमा पूँजीको पहुँच वृद्धि तथा लगानी वृद्धि गर्न बैक, वित्तिय संस्था तथा सहकारी मार्फत परिचाल गरिएको ऋणको व्याजमा सहुलियत अनुदान,

(घ) उत्पादनको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान,

(ङ) न्यूनतम् समर्थन मूल्य।

(च) प्राविधिक तालिम तथा क्षमता अभिबृद्धिका कार्यहरु।

(छ) प्राङ्गारिक तथा भौगोलिक पहिचान एवम् प्रमाणीकरण कार्यहरु।

(ज) कृषक सम्मानका कार्यहरु।

(३) दफा १३ बमोजिमका अनुदान सुविधा उपलब्ध गराउदा स्वीकृत बजेटको परिधीभित्र रही व्यक्ति वा निजी फर्म वा कम्पनीको हकमा कुल लागतको पचास प्रतिसत सम्म र समूह सहकारी हकमा सत्तरी प्रतिशत सम्म अनुदान सिमा भित्र रही उपलब्ध गराउनुपर्नेछ।

(४) उपदफा (१) खण्ड क बमोजिमको कृषि भौतिक पूर्वाधार निर्माण तथा मर्मतमा अनुदान उपलब्ध गराउदा सामुदायिक कृषि पूर्वाधारहरु जस्तै कृषि सडक, सिचाइ, संकलन केन्द्र, शित भण्डार, प्रधोधन केन्द्र आदिमा पचासी प्रतिशत अनुदान उपलब्ध गराउन सक्नेछ।

(५) कार्यपालिकाले उपदफा (१) बमोजिमको अनुदानका क्षेत्रमा सुविधा उपलब्ध गराउनको लागि आवश्यकता अनुसार प्राविधिक पक्ष सहितको निर्देशिका वा कार्यविधी वा मापदण्ड बनाई कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(६) उपदफा (१) बमोजिमको अनुदानलाई व्यवस्थित गर्न कार्यालयले डिजिटल प्रविधि, सफ्टवेयर, तथा भौचर प्रणाली तयार गरी सञ्चालनमा ल्याउन सक्नेछ।

(७) यस ऐन बमोजिमको अनुदान सुविधा उपलब्ध गराउन गाँउपालिकामा देहायको एक कार्यक्रम सञ्चालन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत, गाँउपालिका - संयोजक

(ख) आर्थिक विकास (योजना) शाखा प्रमुख, गाँउपालिका - सदस्य

(ग) आर्थिक प्रशासन (लेखा) शाखा प्रमुख, गाँउपालका - सदस्य

(घ) शाखा प्रमुख, गाँउपालिका - सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख, गाँउपालिका - सदस्य सचिव

**स्पष्टिकरणः-** खण्ड 'घ' को प्रयोजनको लागि शाखा प्रमुख भन्नाले कृषि सम्बन्धिका कार्यक्रमको हकमा पशुपन्छी विकास र पशुपन्छी विकासँग सम्बन्धित कार्यक्रमको हकमा कृषि विकास शाखा सम्झनु पर्दछ भने खण्ड 'ङ' को प्रयोजनमा सम्बन्धित शाखा प्रमुख भन्नाले कृषि वा पशुपन्छी विकास शाखाको प्रमुख सम्झनुपर्नेछ।

(८) उपदफा (१) बमोजिमको समितिमा बहुमत सदस्यको उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या मानिनेछ।

(९) उपदफा (१) बमोजिमको समितिको बैठक बहुमतको आधारमा गरिनेछ।

(१०) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(११) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः -

(क) स्वीकृत कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन तथा आवश्यक निर्णय गर्ने,
(ख) निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजात निर्धारण गर्ने,
(ग) अनुसूची -४ बमोजिमका मूल्याङ्कनका आधार बमोजिम मूल्याङ्कन गर्ने र अनुदानग्राही छनोट गर्ने,
(घ) गाँउपालिकाबाट सञ्चालन हुने कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,
(ङ) कार्यक्रम कार्यन्वयन गर्ने सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने,
(च) सञ्चालित कार्यक्रमको आवधिक रुपमा समिक्षा गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने।
(छ) दफा ३ बमोजिमको समिति वा कार्यपालिकाले तोकेका अनुदान सुविधा उपलब्ध गराउने सम्बन्धी अन्य कार्यहरु।

(१२) दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको व्याज अनुदान सहुलियत देहाय बमोजिम हुनेछ।

(क) बैंक तथा वित्तीय संस्था र सहकारी संस्था मार्फत अनुसूची-५ बमोजिमका कृषि व्यवसाय सञ्चालनको लागि लगानी भएको कृषि ऋणमा व्याज अनुदान उपलब्ध गराउने,
(ख) बैंक तथा वित्तीय संस्था र सहकारी संस्था मार्फत कृषि व्यवसायको लागि लगानी भएको कृषि ऋणमा कार्यालयले सात प्रतिशत ब्याज सहुलियत उपलब्ध गराउने,
(ग) बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाले कृषि ऋण परिचालन गरी व्याज अनुदान सहुलियत लिने भएमा कार्यालयसँग सम्झौता एवम् नविकरण गर्नुपर्नेछ,

(घ) बैंक तथा वित्तीय संस्थाबाट लगानी भएको अधिकतम विस लाख रुपैया र सहकारी संस्था मार्फत लगानी भएको अधिकतम पाँच लाख रुपैया सम्मको कृषि ऋणमा मात्र व्याज अनुदान उपलब्ध हुनेछ,

(ङ) व्याज अनुदान उपलब्ध हुने कृषि व्यवसाय र ब्याज अनुदानको अवधि अनुसूचि-५ बमोजिम हुनेछ,

(च) व्याज अनुदान सहुलियत लिनको लागि कृषक तथा कृषि उद्यमीले व्यावसायिक योजना तयार गरी सो व्यावसायिक योजना प्राविधिक दृष्टिकोणले उपयुक्त हुने विषयमा सम्बन्धित जिल्ला स्थित कृषि विकास कार्यालय वा पशु अस्पताल तथा पशु स्वास्थ्य कार्यालय वा कार्यालयको कृषि विकास शाखा वा पशुपन्छी विकास शाखाबाट सिफारिस लिनुपर्नेछ,

(छ) ऋण लगानी, साँवा र व्याज असुली प्रक्रिया र आवश्यक कागजपत्रहरु कृषि ऋण लगानी गर्ने सम्बन्धित बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाको प्रक्रिया बमोजिम हुनेछ,

(ज) व्याज अनुदान भुक्तानी चौमासिक रुपमा सम्बन्धित ऋण लगानी गर्ने बैंक तथा वित्तीय संस्था र सहकारी संस्थालाई कार्यालयबाट सम्बन्धित विषयको विषयगत शाखाको प्राविधिकले अनुगमन गरे पश्चात अनुगमन प्रतिवेदनको आधारमा उपलब्ध गराइनेछ,

(झ) गाँउपालिकाका सहकारी सस्थाले कृषि ऋण लगानी गरी व्याज अनुदान सहुलियत लिन चाहेमा सहकारीको कुल पुँजी कम्तिमा रु बीस लाख हुनुपर्नेछ,

(ञ) ऋणीले बैंक तथा वित्तीय संस्था र सहकारी संस्थाबाट निर्धारण गरिएको साँवा र कार्यालयले उपलब्ध गराउने व्याज अनुदान वाहेकको ऋणीले व्यहोर्ने व्याज तोकिएको समयमा भुक्तानी नगरेमा जुनसुकै समयमा व्याज अनुदान रोक्का गर्नेछ,

(ट) यस उपदफा बमोजिमको ऋण अनुसूची-५ बमोजिमको कार्यमा प्रयोग नगरेको पाईएमा त्यस्तो ऋणीलाई जुनसुकै बेला दफा १३ को उपदफा (७) बमोजिमको समितिको सिफारिसमा दफा ३ बमोजिमको निर्देशक समितिले कालो सूचीमा राखी ब्याज अनुदान रोक्का गर्न सक्नेछ,

(ठ) संघ र प्रदेश सरकारबाट कृषि ऋण सम्बन्धी कुनै पनि सुविधा नलिएको हुनपर्नेछ।

(ड) व्याज अनुदान सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

१४. **सूचना प्रकाशनः** (१) अनुदान कार्यक्रममा सहभागी हुन अनुदानग्राहीलाई कार्यालयले कम्तीमा एक्काइस दिनको समयसीमा दिई अनुसूची-६ बमोजिमको ढाँचामा स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना कार्यालयको वेबसाइटमा तथा सबै वडा कार्यालयको सूचना पार्टीमा समेत राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कुनै पनि निवेदन प्राप्त नभएमा पहिलो पटकको सूचनाको म्याद समाप्त भएको मितिले पुनः सात दिनको समयावधी राखी दोस्रो पटक सूचना प्रकाशन गर्न सकिनेछ।

१५. **निवेदन दर्ताः** (१) दफा १४ बमोजिम सूचना प्रकाशन भएपछि अनुदानग्राहीले अनुसूची-७ बमोजिमको ढाँचामा निवेदन, प्रतिवद्धता पत्र, नेपाली नागरिकता प्रमाणपत्र, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपिका कागजात सहित कार्यालयको कृषि वा पशुपन्छी शाखामा निवेदन दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीले एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद समेत पेस गर्नु पर्नेछ।

१६. **अनुदानग्राहीको छनौटः** (१) दफा १५ बमोजिम प्राप्त निवेदनलाई कार्यालयले प्रारम्भिक जाँचबुझ गरी रित पुगेका निवेदकको सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीका आधारमा निवेदनमा प्रस्तावित व्यवसायको सम्बन्धमा कम्तीमा दुईजना प्राविधिक कर्मचारीले स्थलगत अनुगमन गरी अनुसूची-४ बमोजिमका मूल्याङ्कनका आधारमा प्राविधिक प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक प्रतिवेदन कार्यालयले अनुदानग्राही छनौट प्रक्रियाका लागि दफा १३ को उपदफा (७) बमोजिमको समितिमा पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकता निर्धारण गरी दफा १३ को उपदफा ७ बमोजिमको समितिबाट अनुदानग्राही छनौट गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुदानग्राही छनौट गरिएको सूचना कार्यालयले सात दिनभित्र प्रकाशन गर्नु पर्नेछ।

१७. **लागत अनुमान तयार गर्नेः** (१) दफा १६ को उपदफा (४) बमोजिम छनौट भएका योजनाको कार्यालयले स्थलगत निरीक्षण गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लागत अनुमान तयार गर्दा कार्यक्रम संचालनका लागि दश लाख रुपैयाँभन्दा बढी बजेट विनियोजन भएको कार्यक्रम सञ्चालनमा खर्च हुने इन्धन, मसलन्द अनुगमन, प्राविधिक सेवा र मर्मत लगायतको खर्चका लागी कूल लागत अनुमानको दुई दशमलव पाँच प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिनेछ।

तर, पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्यक्रमका हकमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गर्न सकिनेछ।

(३) सरकारी फर्म केन्द्रबाट उत्पादित कृषिजन्य वस्तुको बिक्री वितरण गर्दा सन्दर्भ मूल्य वा नेपाल सरकारले निर्धारण गरेको दररेट बमोजिम गर्न सकिनेछ।

(४) कार्यक्रमको लागत अनुमान तयार गर्दा जिल्ला दररेट वा गाँउपालिकाले तोकेको दररेट वा नतोकिएकाको हकमा स्थान विशेषको चलनचल्तिको दररेटलाई आधार लिन सकिनेछ।

(५) समूह, सहकारी तथा व्यावसायिक कृषि फर्मसँग कार्यक्रम सञ्चालन गर्दा यस ऐनमा उल्लेख नभएको हकमा प्रचलित खरिद कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।

१८. **सम्झौता गर्नु पर्ने:** (१) दफा १६ को उपदफा (४) बमोजिम छनौट भएका अनुदानग्राहीलाई आवश्यक कागजातसहित सम्झौता गर्न कार्यालयले न्यूनतम सात दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्झौता गर्न आएका अनुदानग्राहीसँग कार्यालयले अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम आर्थिक वर्षको जेठ मसान्तपछि कार्यक्रम सञ्चालन तथा अनुदान लिने दिने गरी सम्झौता गरिने छैन।

(४) उपदफा (२) बमोजिम व्यवसायको प्रकृतिको आधारमा कम्तीमा पाँच वर्षसम्म व्यवसायको निरन्तरता रहने गरी कार्यालयले अनुदादानग्राहीसँग सम्झौता गर्नु पर्नेछ।

तर विपद् वा अन्य कुनै काबुबाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा त्यस्तो क्षतिको प्रमाणित मुचुल्का, वडाको सिफारिस, प्रहरी प्रतिवेदन लगायतका कागजात अनुदानग्राहीले एक महिनाभित्र अनुदान प्रदायक निकायमा पेस गरेमा समितिको निर्णय बमोजिम हुनेछ।

१९. **कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः** (१) दफा १८ को उपदफा (२) बमोजिम सम्झौता अनुरुप कार्यसम्पन्न भएपछि अनुदानग्राहीले कार्यालय समक्ष भुक्तानीका लागि निवेदन र सक्कल बिल, भौचर लगायत आवश्यक कागजात र विवरण पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयका सम्बन्धित विषयका प्राविधिकले स्थलगत अनुगमन गरी अनुसूची-९ बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेस गरेको कार्यसम्पन्न प्रतिवेदनका आधारमा कार्यालयले अनुदानग्राहीको बैंक खाता मार्फत वा अनुदानग्राहीको माग अनुसार सम्बन्धित आपूर्तिकर्ताको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

**२०. सार्वजनिक परीक्षण:** अनुदानग्राहीले कार्यक्रम सम्पन्न भएपछि अनुदान भुक्तानीका लागि कार्यालयमा निवेदन पेस गर्नु अघि कार्यस्थलमा समुदायको सार्वजनिक भेला गराई कार्यक्रमको प्रक्रिया, प्राप्त नतिजा र खर्च विवरण सम्बन्धमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

**२१. सार्वजनिक गर्नु पर्ने:** (१) अनुदान उपलब्ध गराउने कार्यालयले अनुदान सम्बन्धी विवरण अनुसूची-१० बमोजिमको ढाँचामा वेबसाइटमा नियमित रूपमा अद्यावधिक गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) कार्यालयले अनुदानको अभिलेख नियमित रुपमा राखी अद्यावधिक समेत गर्नु पर्नेछ।

## परिच्छेद ५

## व्यवसायिक कृषि करार

२२. **व्यवसायिक कृषि करार तथा साझेदारी गर्न सकिनेः** (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

(४) कार्यालय वा कुनै पनि कृषक वा समुह वा सहकारी वा कम्पनीले साझेदारीमा कृषि व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(५) उप दफा ४ बमोजिमको साझेदारी व्यवसाय प्रदेश कृषि ऐन बमोजिम हुनेछ।

२३. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

२४. **जग्गा तथा भौतिक साधन माग गर्न सक्नेः** (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा २३ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाँउपालिकाको स्वामित्व वा हक भोगमा रहेको जग्गा तथा भौतिक साधन उपलब्ध गराउन माग गर्दा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम निवेदन पर्न आएमा कार्यालयले माग भएको जग्गा तथा भौतिक साधन उपलब्ध गराउन आवश्यक समन्वय तथा सहजीकरण गर्न सक्नेछ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि,-

(क) "जग्गा" भन्नाले कुनै व्यक्ति, संस्था वा निकायको नाममा दर्ता भएको खेतीपातीको लागि योग्य जग्गा सम्झनु पर्छ।

(ख) "भौतिक साधन" भन्नाले व्यक्ति, संस्था वा निकायको स्वामित्वमा भएको शीत भण्डार, प्रशोधन सामग्री, सङ्कलन केन्द्र, बीउ प्रशोधन तथा भण्डारण केन्द्र, कुलवोर्ड, रस्टिक स्टोर र अन्य यस्तै प्रकृतिका कृषि व्यवसायसँग सम्बन्धित औजार उपकरण सम्झनु पर्छ।

(५) खेती नगरी लगातार दुई बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए वमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

२५. **स्वामित्व हस्तान्तरण नहुने:** यस ऐनको दफा २३ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

२६. **पुनः करार गर्न नहुने:** यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन।

२७. **व्यवसायिक कृषि करारका विषयवस्तुहररु:** (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची- ११ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ।

२८. **व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व:** (१) यस ऐनको दफा २३ वा २४ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन्।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ।

२९. **करार पूरा गर्नु पर्ने समय र तरिका:** (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ।

३०. **करार पूरा गर्ने स्थान:** (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

३१. **करार पूरा गर्नु नपर्ने अवस्थाः** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैनः-

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

३२. **करार दर्ता गर्नु पर्नेः** (१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैतिस दिनभित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता दस्तुर गाँउ कार्यपालिकाले निर्धारण गरे बमोजिमको हुनेछ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ।

(६) गाउँपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ।

(७) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(८) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ।

३३. **विवादको समाधानः** (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम गाँउपालिकाको न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा गाँउपालिकाको न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंङ्गो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पैतिस दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनुपर्नेछ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

३४. **<u>म्याद सम्बन्धमाः</u>** यस ऐन बमोजिमको विवादमा पक्षको कावु वाहिरको परिस्थिति परी यस ऐनको दफा ३३ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

३५. **<u>मध्यस्थता समितिको निर्णयको कार्यान्वयनः</u>** (१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लिखित बिषयका हकमा यसै ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

परिच्छेद-६

## <u>विविधः</u>

३६. **<u>क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः</u>** (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३७. **<u>कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारीः</u>** (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३८. **<u>दण्ड सजायः</u>** (१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा ८ र ९ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा ३२ को उपदफा (७) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा ३६ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँ सम्म।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ।

३९. **पुनरावेदनः** यस ऐनको दफा ३२ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

४०. **बीमा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करार सम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो करयोग्य आयबाट घटाउन पाउनेछ ।

४१. **अनुगमन सम्बन्धी व्यवस्थाः** यस ऐन बमोजिम सञ्चालन हुने कार्यक्रम, कृषि बजार, र व्यवसाय करार सम्बन्धी सञ्चालन पूर्व, सञ्चालनको अवस्थामा र सम्पन्न पश्चात गाँउपालिकाको उपाध्यक्षको संयोजकत्वको समितिले अनुगमन तथा निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ।

४२. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४३. **वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्नेः** यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ।

४४. **अनुसूचीमा थपघट वा हेरफेरः** कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

४५. **नियम वनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४६. **<u>विनियम बनाउन सक्ने:</u>** यस ऐन अन्तर्गत बनेको नियम र निर्देशिकाको अधीनमा रही सम्बन्धित कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिले आवश्यक विनियम बनाउन सक्नेछ।

४७. **<u>बचाऊ:</u>** यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

### कृषि फर्मको प्रकार

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफुल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, रबरखेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य वस्तुहरु।

अनुसूची-२

(दफा२ को खण्ड (ज) सँग सम्बन्धित)

**व्यवसायको प्रकार**

| क्र.सं. | व्यवसायको प्रकार | व्यवसाय |
|---|---|---|
| १. | कृषि सामग्री आपूर्ति | (क) एग्रोभेट,<br>(ख) मल बिक्री केन्द्र,<br>(ग) मल तथा विषादी उत्पादन व्यवसाय,<br>(घ) कृषि औजार उत्पादन तथा बिक्री,<br>(ङ) दाना, ह्याचरी र भुरा बिक्री,<br>(च) तरकारी तथा फलफूल नर्सरी,<br>(छ) कृषि तथा पशुपन्छी स्रोत केन्द्र,<br>(ज) पशुपन्छी प्रजनन्<br>(झ) कृषि र पशुपन्छीसँग सम्बन्धित प्रयोगशाला,<br>(ञ) कृषि र पशुपन्छींका स्रोत केन्द्र,<br>(ट) जैविक तथा कुहिने बस्तु तथा फोहोरबाट उत्पादित प्राङ्गारिक तथा जैविक मल। |
| २. | उत्पादन | (क) कृषि जन्य उपजहरुः खाद्यान्न, दलहन, तेलहन, फलफूल, तरकारी, मसला बाली, औद्योगिक बाली, च्याउ र यस्तै प्रकृतिका अन्य कृषि उपज,<br>(ख) पशुपन्छी पालन,<br>(ग) माछापालन,<br>(घ) मौरीपालन,<br>(ङ) पुष्प व्यवसाय,<br>(च) बीउ उत्पादन। |

| | | |
|---|---|---|
| ३. | कृषि उपज बिक्री तथा भण्डारण व्यवसाय | (क) दुध तथा दुग्ध जन्य बस्तुहरु,<br>(ख) फलफूल तथा तरकारी बिक्री,<br>(ग) पशु वधशाला तथा मासु बिक्री पसल,<br>(घ) कोल्ड स्टोर, कोल्ड च्याम्वर, रस्टिक स्टोर, सङ्कलन केन्द्र र यस्तै प्रकृतिका अन्य भौतिक पूर्वाधार,<br>(ङ) कृषि, मत्स्य र पशुपन्छी बजार,<br>(च) पशु बधशाला,<br>(छ) कोल्ड स्टोर, कोल्ड च्याम्वर,<br>(ज) कृषि, मत्स्य र पशुपन्छी बजार। |
| ४. | कृषिजन्य प्रशोधन व्यवसाय | (क) कृषिमा आधारित प्रशोधन उद्योग,<br>(ख) पशुपन्छीमा आधारित प्रशोधन उद्योग,<br>(ग) मौरी तथा माछाजन्य प्रशोधन उद्योग। |
| ५ | कृषि र पशु सेवासँग सम्बन्धित सेवा व्यवसाय | (क) तालिम तथा उपचार सेवा,<br>(ख) कृषि अनुसन्धान तथा सिकाई केन्द्र। |
| ५. | मन्त्रालयले तोकेका कृषि र पशुपन्छी क्षेत्रका अन्य व्यवसायहरु | |

अनुसूची-३

(दफा ५ को उपदफा (३) र (४) सँग सम्बन्धित)

**कृषि व्यवसाय सूचीकृत हुनको लागि दिने निवेदनको ढाँचा**

मिति २०........./...../.....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छत्रेश्वरी गाँउकार्यपालिकाको कार्यालय,
छत्रेश्वरी-.. भोटेचौर सल्यान।

विषयः **कृषि व्यवसाय सूचीकृत गरी सञ्चालन अनुमति पाउँ।**

महोदय,

म/हामीले छत्रेश्वरी गाँउपालिका वडा नं. ..... स्थित .................................. फर्म/कम्पनीले कर्णाली कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७९ र कर्णाली कृषि व्यवसाय प्रवर्द्धन नियमावली, २०८० बमोजिम सूचीकृत भइसकेकोले यस गाँउपालिकामा सूचिकृत हुन/छत्रेश्वरी कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०८२ बमोजिम सूचिकृत भइ कृषि व्यवसाय सञ्चालनका लागि आवश्यक कागजात सहित यो निवेदन पेश गरेको/गरेका छु/छौं।

निवेदकको,-

नाम थरः

पदः

व्यवसायको नाम र ठेगानाः

व्यवसायको किसिमः

दस्तखतः

मितिः

फर्म/कम्पनीको छापः

**<u>आवश्यक कागजातः</u>**

(१) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,

(२) संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि,

(३) संस्थाको प्रोफाइल/प्रगति प्रतिवेदन,

(४) कर चुक्ता प्रमाणपत्र।

अनुसूची-४

(दफा १३ को उपदफा (१०) को खण्ड (ग), दफा १६ को उपदफा (२) सँग सम्बन्धित)

## मूल्याङ्कनका आधारहरु

(क) उत्पादन सम्बन्धी कार्यक्रमहरुका लागि स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| **१.** | **भौतिक क्षमता** | **१६** | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बीच तालमेल | २-४ | |
| | विगतमा गरेको काम भन्दा फरक काम निवेदन गरेको | ० | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा एक वर्ष देखि सोही काम गर्दै आएको | २ | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा दुई वर्ष देखि सोही काम गर्दै आएको | ३ | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा तीन वर्ष वा सो भन्दा बढी समय देखि सोही काम गर्दै आएको | ४ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको | २-४ | |
| | शुरुवात नै नभएको वा शुरुवातको लागि निवेदन गरेको व्यवसाय | ० | |
| | संचालनमा रहेको र हालको उत्पादनमा पच्चीस प्रतिशत वृद्धि गर्ने संभावना | २ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा पचास प्रतिशत वृद्धि गर्ने संभावना | ३ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा सय प्रतिशत वृद्धि गर्ने संभावना | ४ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | २-४ | |
| | प्रस्तावित व्यवसायका लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको | ३ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पूर्वाधार भएको | ४ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पूर्वाधार व्यवस्था | ४ | |
| | कार्यक्रम स्थलमा बाटो, विद्युत, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |
| | सम्भाव्य बजारसँग कच्ची मोटर बाटोले जोडिएको, विद्युत र ढुवानी साधन उपलब्ध हुन सक्ने | २ | |
| | सम्भाव्य बजारसँग मोटर बाटोले जोडिएको र विद्युतको व्यवस्था रहेको | ३ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटर बाटोले जोडिएको, पर्याप्त ढुवानी साधन र विद्युत उपलब्ध हुन सक्ने | ४ | |
| २. | **प्राविधिक क्षमता** | २० | |
| २.१ | भौगोलिक र प्रावधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले अनुपयुक्त | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी भएको | ३ | |
| २.२ | प्रस्तावित कार्यक्रम सम्बद्ध क्रियाकलापहरुमा नवीन प्रविधिहरुको समावेश | ०-५ | |
| | नवीन प्रविधिहको समावेश छैन | ० | |
| | कम्तीमा एउटा नवीन प्रविधि समावेश | २ | |
| | कम्तीमा दुईवटा नवीन प्रविधि समावेश | ३ | |
| | दुईवटा भन्दा बढी नवीन प्रविधि समावेश | ५ | |
| २.३ | आवश्यक प्रविधि वा प्राविधिक सेवा सम्बन्धी व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | विभिन्न तहका सरकारका निकायवाट प्राविधिक सेवा लिने | २ | |
| | स्थानीय स्रोत ब्यक्ति/ब्यवासायिक फार्मवाट प्राविधिक सेवाटेवाको व्यवस्था | ३ | |
| | आफै/आफ्नै स्रोतवाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| २.४ | आवेदकले निवेदन गरेको कार्यका लागि तालिम वा सोही कार्यमा काम गरेको प्रमाण | १-५ | |
| | सम्बन्धित विषयमा तीन दिनसम्मको तालिम लिएको | २ | |
| | सम्बन्धित विषयमा सात दिनसम्मको तालिम लिएको/अरुको फार्ममा एकवर्षसम्म सोही काम गरेको | ३ | |
| | सम्बन्धित विषयमा सात दिन भन्दा बढीको तालिम लिएको/अरुको फार्ममा एकवर्ष भन्दा बढी सोही काम गरेको | ५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| ३. | **वित्तीय क्षमता** | **२५** | |
| ३.१ | **प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नै स्रोतबाट लगानी जुटाउन सक्ने** | २५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नो स्रोत र बैंक तथा वित्तिय संस्थाबाट लगानी जुटाउन सक्ने | २० | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले बैंक तथा वित्तिय संस्थाबाट मात्र लगानी जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आवश्यक लगानी बारे कुनै योजना उल्लेख नगरेको | ५ | |
| ४. | **संस्थागत क्षमता** | **५** | |
| | ब्यवसायिक क्रियाशिलता छैन | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५. | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | १० | |
| | निवेदनक र निवेदनकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | २ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | ४ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ६ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप निवेदन गरेको | १० | |
| ६. | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपन्छी व्यवसायिकरणमा पार्ने प्रभाव** | **१०** | |
| | उत्पादित वस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | उत्पादित वस्तुले कृषि/पशुपन्छीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | ८ | |
| | बाँझो जमिनको सदुपयोग, उत्पादित वस्तुले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७. | **उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारिकरण योजना** | ८ | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादित वस्तुको बजारीकरणका लागि खरिदकर्ता पहिचान गरेको | २ | |
| | उत्पादित वस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारिकरण योजना समावेश भएको | ४ | |
| | उत्पादित वस्तुको प्रशोधन,भण्डारण तथा बजारीकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | ६ | |
| | उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारिकरण आफैले गर्ने | ८ | |
| ८. | **दलित, एकल महिला, बादी, राजी, राउटे,मुक्त हलिया/कमैया, सिमान्तकृत बर्ग, बिदेश बाट फर्केका युवा लगायत लक्षित बर्ग** | ६ | |
| **जम्मा** | | १०० | |

ख) भौतिक पूर्वाधार लागि स्थलगत प्रमाणिकरण मूल्याङ्कनका आधार

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १. | **भौतिक क्षमता** | १६ | |
| १.१ | **आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रमबीच तालमेल** | ०-४ | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तु उत्पादन नहुने क्षेत्र | ० | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तु आंशिक उत्पादन हुने क्षेत्र | २ | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तु प्रर्याप्त उत्पादन हुने क्षेत्र | ४ | |
| १.२ | **भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको वा नरहेको** | ०-४ | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तुको उत्पादन बृद्धि संभावना नरहेको | ० | |
| | भौतिक पूर्वाधारका लागि निवेदन गरेको वस्तुको स्थानीयस्तरमा नै उत्पादनमा बृद्धि गरी पूर्वाधार संचालनको संभावना | ४ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | १-४ | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | प्रस्तावित व्यवसायका लागि प्रर्याप्त जग्गा भाडामा लिएको | १ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको प्रर्याप्त जग्गा तथा तीन फेज विजुली भएको | ३ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा बाटो विजुली लगायतका पुर्वाधार भएको | ४ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पूर्वाधार व्यवस्था | ४ | |
| | कार्यक्रम स्थलमा बाटो, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |
| | सम्भाव्य बजारसँग मोटर बाटोले जोडिएको र विजुलीको व्यवस्था रहेको | २ | |
| | सम्भाव्य बजारसँग कच्ची मोटर बाटोले जोडिएको, विजुलीको व्यवस्था रहेको र ढुवानी साधन उपलब्ध हुन सक्ने | ३ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटर बाटोले जोडिएको, विजुलीको व्यवस्था रहेको र प्रर्याप्त ढुवानी साधन उपलब्ध हुन सक्ने | ४ | |
| **२.** | **प्राविधिक क्षमता** | *१०* | |
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले बाढी पहिरो तथा वातावरणिय रुपमा नकारात्मक प्रभाव गर्ने | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक निर्माण सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक निर्माण सामाग्रीको उपलब्धता र गुणस्तर बारे जानकारी भएको | ३ | |
| २.२ | आवश्यक प्रविधि सम्बन्धि ज्ञानको व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | स्थानीय स्रोत ब्यक्तिवाट प्राविधिक सेवा खरीद संभावना भएको | १ | |
| | आफै/आफ्नै स्रोतबाट प्राविधिक क्षमता विकासका लागि तालिमको व्यवस्था गरेको | ३ | |
| | आफै/आफ्नै स्रोतबाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| **३.** | **वित्तिय क्षमता** | *३०* | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आवश्यक लगानी बारे कुनै योजना उल्लेख नगरेको | ५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले बैंक तथा वित्तिय संस्थबाट मात्र लगानी जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नो स्रोत र बैंक तथा वित्तिय संस्थावाट लगानी जुटाउन सक्ने | २५ | |
| | प्रस्तावित कार्यक्रमका लागि निवेदनकले आफ्नै स्रोतबाट लगानी जुटाउन सक्ने | ३० | |
| ४. | **संस्थागत क्षमता** | **५** | |
| | व्यवसायिक क्रियाशिल नभएको | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात  तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५. | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | ५ | |
| | निवेदनक र निवेदनकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | १ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | २ | |
| | समुदायमा रहेका अन्य व्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ३ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप निवेदन गरेको | ५ | |
| ६. | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपन्छी व्यवसायिकरणमा पार्ने प्रभाव** | **१०** | |
| | भौतिक पूर्वाधारले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | भौतिक पूर्वाधारले कृषि/पशुपन्छीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | भौतिक पूर्वाधारले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | भौतिक पूर्वाधारले व्यवसायिकरण र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७. | **स्थानीय उत्पादकलाई प्राप्त हुने सुविधा** | **१०** | |

| क्र.सं. | मूल्याङ्कनका सूचक | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | भौतिक पूर्वाधार निर्माणबाट उत्पादक किसानहरुलाई कुनै फाईदा नहुने | ० | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटमा सेवा दिने | २ | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटको तुलनामा दश प्रतिशत सम्म सस्तो सेवा दिने | ४ | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटको तुलनामा बीस देखि तीस प्रतिशत सम्म सस्तो सेवा दिने | ६ | |
| | भौतिक पूर्वाधार उद्योगले उत्पादक किसानलाई प्रचलित दररेटको तुलनामा तीस प्रतिशत सम्म सस्तो सेवा दिने र अन्य थप सुविधा उपलब्ध गराउने | १० | |
| ८. | **बजारीकरण योजना** | ८ | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादन बजारिकरणका लागि खरिदकर्ता पहिचान गरेको | २ | |
| | उत्पादनको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारीकरण योजना समावेश भएको | ४ | |
| | उत्पादनको प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | ६ | |
| | उत्पादनको प्रशोधन, भण्डारण तथा बजारीकरण आफैले गर्ने | ८ | |
| ९. | **दलित, एकल महिला, मुक्त हलिया/कमैया, सिमान्तकृत वर्ग, बिदेश बाट फर्किएका युवा लगायत लक्षित बर्ग** | ६ | |
| | **जम्मा** | १०० | |

अनुसूची-५

(दफा १३ को उपदफा (१२) को खण्ड (क), (ङ), र (ट) सँग सम्बन्धित)

**व्याज अनुदान उपलब्ध हुने कृषि व्यवसायको प्रकार र ब्याज अनुदान भुक्तानी अवधि**

| सि.नं. | व्यवसायको प्रकार | ब्याज अनुदान भुक्तानी अवधि (वर्ष) |
|---|---|---|
| १. | तरकारी खेती (खुला) | ३ |
| २. | तरकारी खेती (अर्ध/पूर्ण संरक्षित) | ३ |
| ३. | पशुपालन (गाई/भैंसी/) | ५ |
| ४. | पशुपालन (भेडा/बाख्रा/बँगुर) | ३ |
| ५. | माछापालन (पोखरी/भुरा उत्पादन/रेसवे निर्माण सहितको) | ५ |
| ६. | माछापालन (तयारी पोखरी/रेसवे भएको अवस्था) | ३ |
| ७. | पुष्प व्यवसाय (नर्सरी सहित) | ३ |
| ८. | पुष्प व्यवसाय मात्र | ३ |
| ९. | फलफूल उत्पादन (हिउदे/सुन्तला जात/आँप/किवी/सिउडी फल/लिची/अम्वा आदि) | ५ |
| १०. | फलफूल उत्पादन (भुइकटर/केरा/मेवा/स्ट्रवेरी) | ३ |
| ११. | फलफूल नर्सरी | ३ |
| १२. | बीउ उत्पादन | ३ |
| १३. | कृषि उपजको प्रशोधन व्यवसाय | ५ |
| १४. | दुग्ध प्रशोधन | ५ |
| १५. | कुखुरापालन (ब्रोइलर) | ३ |
| १६. | कुखुरापालन (लेयर्स/स्थानीय) | ३ |
| १७. | बिशिष्ट जातको पशुपन्छी (कालिज/टर्की/अष्ट्रिच/बट्टाई आदि) | ३ |
| १८. | अन्य कृषि उपजहरुको उत्पादनसँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार नभएको) | ३ |

| | | |
|---|---|---|
| १९. | अन्य कृषि उपजहरुको उत्पादनसँग सम्बन्धित व्यवसाय (भौतिक पूर्वाधार भएको) | ५ |

**<u>द्रष्टव्य:</u>** यस अनुसूचीको प्रयोजनको लागि "भौतिक पूर्वाधार" भन्नाले कृषि व्यवसायमा कम्तीमा तीन वर्षभन्दा बढी अवधि खप्ने कोल्ड स्टोर, रस्टिक स्टोर, फलामे ग्रीन हाउस, नेट हाउस वा अन्य यस्तै प्रकृतिका कृषि सामग्री सम्झनु पर्छ।

अनुसूची-६

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सूचना प्रकाशनको ढाँचा</u>**छत्रेश्वरी गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

छत्रेश्वरी .., भोटेचौर, सल्यान

**निवेदन आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति ....................**

यस ................ कार्यालयको आ.व. ......... को वार्षीक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्यक्रम संचालन गर्नु पर्ने भएकाले सम्बन्धित क्षेत्रका ईच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ………….. दिन भित्र तोकिएको ढाँचामा आवेदन पेस गर्न हुन आह्वान गरिन्छ।

**<u>तपसिल:</u>**

१. कार्यक्रमको नाम:

२. आवश्यक कागजातहरु

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनुसार),

(ख) कृषि व्यवसाय गर्ने अनुसूची-७ अनुसारको निवेदन र प्रतिवद्धता,

(ग) व्यावसायिक कृषि फर्मको हकमा गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि, गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,

(घ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अन्य आवश्यक कागजात।

अनुसूची-७

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

**अनुदानको लागि पेस गर्ने निवेदन, प्रस्ताव र प्रतिवद्धताको ढाँचा**

मितिः

**विषयः अनुदान उपलब्ध गराई दिन हुन।**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छत्रेश्वरी गाँउ कार्यपालिकाको कार्यालय,
छत्रेश्वरी.. भोटेचौर, सल्यान।

महोदय

तहाँ कार्यालयबाट मिति..........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ..................... कार्यक्रममा म/हामी .............. समूह/सहकारी/कृषि फर्म/कृषि कम्पनी समावेश हुन इच्छुक छु/छौं। कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको विवरण र छुट्टै निवेदन तयार गरी यसै निवेदनसाथ संलग्न गरेको हुँदा अनुदान सहयोग उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछौं/गर्दछु।

**निवदेक**
कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको,-
दस्तखतः
नाम थरः
पदः
सम्पर्क मोबाइल नम्बरः
मितिः
संस्थाको छापः

**१. प्रस्तावित परियोजनाको सारांश**

| | |
|---|---|
| अनुदानग्राहीः सहकारी/समूह/कृषि फर्म/ व्यावसायिक कृषकको नामः | |

| | |
|---|---|
| ठेगानाः | |
| कार्यक्रमको नामः | |
| कार्यक्रमबाट लाभान्वित विवरण (घरधुरी संख्या)<br>महिला .................... पुरुष ................. जम्मा ....................<br>दलित ................ जनजाति ................. | |
| परियोजना सञ्चालन स्थलः | |
| हाल गरिएका मुख्य मुख्य क्रियाकलापहरुः | |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्यः<br>(यसमा आय आर्जन वृद्धि गर्ने, व्यावसायिक खेती वृद्धि गर्ने, रोजगारी वृद्धि गर्ने, बगैंचा सुधार र क्षेत्रफल विस्तार जस्ता क्रियाकलाप खुलाउने) | |

**२. अनुदान प्राप्त रकमवाट गरिने क्रियाकलापको विवरणः**

| क.सं. | क्रियाकलाप | इकाई | परीमाण | दर | जम्मा | अनुदान | स्वलगानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

**३. उत्पादन योजनाः**

| क.सं. | उत्पादन वस्तुको नाम | इकाइ | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |

४. **प्रतिबद्धता पत्रः**

**<u>प्रतिबद्धता पत्र</u>**

छत्रेश्वरी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, .............को मिति ................................ को सूचना अनुसार ............................................... ............................................................................ कार्यक्रममा सहभागीताको लागि इच्छुक भई सोको व्यावसायिक योजना सहितको आवेदन पेस गरेको/का छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा व्यावसायिक योजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ........... वर्षसम्म निरन्तरता दिनेछु/छौं। व्यावसायिक योजना अनुसारको कार्य नगरेमा वा आगामी पाँच वर्षभित्र सो व्यवसाय बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित कानून बमोजिम ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं। प्रस्तावित योजनासँग सम्बन्धित कार्यक्रमका लागि विगत दुई आर्थिक वर्षभित्र कुनै पनि निकायबाट अनुदान नलिएको व्यहोरा अनुरोध छ।

**<u>आवेदकको तर्फबाट</u>**

नामः

पदः

सम्पर्क नम्बर.:

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

औंठा छाप

| दायाँ | बायाँ |
| --- | --- |
| | |

अनुसूची- ८

(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)

**<u>सम्झौताको ढाँचा</u>**

यो सम्झौता पत्र छत्रेश्वरी गाँउ कार्यपालिकाको कार्यालय, भोटेचौर, सल्यान (यसपछि "पहिलो पक्ष" भनिएको) र ................ कृषि फर्म /उद्यमी /कृषक .............................. गा.पा. वडा नम्बर........, ............ टोल/गाउँ (यसपछि "दोस्रो पक्ष" भनिएको) बीच तपसिलको सर्त बमोजिमको कुरालाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत निवेदन/अनुमान बमोजिमको कार्य यथाशीघ्र सञ्चालन गरी मिति ........ साल ........ महिना ..... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेस गर्नु पर्नेछ।

१. यस सम्झौता बमोजिमको ........................ कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नु पर्नेछ। दोस्रो पक्ष आफैले नगरि अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

२. सम्झौता बमोजिमको कार्य सञ्चालन तथा सम्पन्न गर्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरूप रु. ............ (अक्षरेपी ............................) र दोस्रो पक्षको लागत सहभागीता रु. .......... (अक्षरेपी ................................) बेहोरिनेछ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको ................................ कार्यक्रम अन्तर्गत ................ व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको स्रोत बाहेक अन्य कुनै सरकारी वा गैर सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।।

५. दोस्रो पक्षले ................. कार्यक्रम अन्तर्गत ..................... व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजनिक जानकारीका लागि सार्वजनिक परिक्षण गराउनु पर्नेछ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्षसमक्ष बिल/रसिद पेस भएपछि दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी दिनेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ।

८. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

९. कार्यक्रमको विस्तृत लगत इष्टिमेट डिजाइन संलग्न बमोजिम हुनेछ।

१०. यो सम्झौतामा लेखिएकोमा यसै बमोजिम हुनेछ। अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **<u>पहिलो पक्ष</u>** | **<u>दोस्रो पक्ष</u>** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

| **<u>साक्षी</u>** | **<u>साक्षी</u>** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| मितिः | मितिः |

इति संवत् २०........ साल .......... महिना .......... गते रोज ..... शुभम्।

अनुसूची-९

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

**कार्यसम्पन्न प्रतिवेदनको ढाँचा**

**छत्रेश्वरी गाँउपालिका**

**गाँउकार्यपालिकाको कार्यालय**

**छत्रेश्वरी .., भोटेचौर, सल्यान**

**........................ कार्यक्रम**

**कार्यसम्पन्न प्रतिवेदन**

योजनाको नामः स्थानः

ठेगानाः

सम्झौता मितिः कार्यसम्पन्न भएको मितिः

कार्यसम्पन्न हुनुपर्ने मितिः

सम्पर्क व्यक्ति/अध्यक्षको नामः

| क्र. सं. | कार्यको विवरण | इकाई | इष्टिमेट अनुसार | | | खुद काम भएको (स्थलगत नापी अनुसार) | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | लागत | जम्मा | परिमाण | लागत | जम्मा | परिमाण | लागत | जम्मा | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |

सम्झौता अनुसारको भौतिक परिमाणमा कार्य सम्पन्न भएको छ/छैन।

तयार गर्ने जाँच गर्ने सदर गर्ने

अनुसूची-१०

(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)

**अनुदानग्राहीको विवरण ढाँचा**

| क्र.सं. | अनुदानग्राही को नाम | ठेगाना | सम्पर्क नम्बर | अनुदान आयोजना/ कार्यक्रम | प्राप्त अनुदान रकम (रु.) | स्वलगानी रकम (रु.) | अनुदान लगानीका मुख्य क्षेत्र | अनुदान प्राप्त मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-११

### (दफा २७ को उपदफा (१) सँग सम्बन्धित)

### करारका विषयवस्तुहरु

(क) करारका पक्षहरू,

(ख) करार खेतीको क्षेत्र,

(ग) जग्गा र भौतिक साधन,

(घ) वस्तुको विवरण, मात्रा,

(ङ) गुणस्तर,

(च) सम्झौताको अवधि,

(छ) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(ज) भुक्तानीको प्रक्रिया,

(झ) ढुवानीको दायित्व,

(ञ) उत्पादन प्रक्रिया,

(ट) अनुगमनका पक्षहरू,

(ठ) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(ड) गुणस्तर निर्धारणका आधारहरू,

(ढ) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

(ण) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(त) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

**आज्ञाले,**
**दिपक वुढाथोकी**
**प्रमुख प्रशासकीय अधिकृत**